एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड

**NLG INSURANCE COMPANY LIMITED**

Shree Bhawan, Panipokhari,
Lazimpat. P.O.Box 20600,
Kathmandu, Nepal
Tel: 4418113, 4442646, 4006502
4006648, 4006625, 4006509
E-Mail: info@nlgi.com.np
Fax: 977-1-4416427


NLG INSURANCE Co. LTD. KATHMANDU

च.नं ३३०५ /०७९/०८०

मिति : २०८०/०३/२७

श्री नेपाल स्टक एक्सचेंज लि.,
सिंहदरबार प्लाजा,
**काठमाण्डौं ।**

**विषय :- विशेष साधारण सभा तथा शेयर दाखिला खारेज (Book close) र दर्ता बन्द रहने सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा यस कम्पनीको मिति २०८०/०३/२७ गते अपरान्ह ४:३० बजे सम्पन्न ४०४औं बैठकको निर्णय अनुसार यस कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने, हालको चुक्ता पूँजी रु. १,४५,९२,७५,७९०/५० (एक अर्ब पैतालीस करोड बयानब्बे लाख पचहत्तर हजार सात सय नब्बे तथा पैसा पचास) को १० बराबर ६.६ अनुपातले (६६ प्रतिशत) हकप्रद शेयर जारी गर्नका लागि मिति २०८० साल श्रावण १५ गते सोमबार कम्पनीको बिशेष साधारण सभा बस्ने निर्णय भएको व्यहोरा अनुरोध गर्दछौं । सो विशेष साधारण सभा सम्बन्धी सूचना यसै पत्र साथ संलग्न गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

उपर्युक्त विशेष साधारण सभामा निम्न बमोजिमका विवरणहरु रहेको व्यहोरा अनुरोध गर्दछौं ।
नगद लाभांश प्रतिशतः नभएको ।
बोनस शेयर प्रतिशत : नभएको ।
हकप्रद शेयर प्रतिशत : १० बराबर ६.६ अनुपातले (६६ प्रतिशत)

**शेयर दाखिला खारेज मिति (Book close) : २०८०/०४/०८ गते, सोमबार एक दिनको लागि ।**
हालको चुक्ता पूँजी : रु. १,४५,९२,७५,७९०/५०
विशेष साधारण सभाको मिति : २०८०/०४/१५ गते, सोमबार ।

धन्यवाद ।

भवदिय,
(मनोज श्रेष्ठ)
कम्पनी सचिव

**संलग्न :**
**विशेष साधारण सभा बस्ने सम्बन्धी सूचनाको विवरण – १ थान**

**बोधार्थ :**
**१. श्री नेपाल धितोपत्र बोर्ड**
**खुमलटार, ललितपुर ।**
**२. श्री सिडिएस एण्ड क्लेयरिङ्ग लि.**
**पुतलीसडक, काठमाण्डौं ।**


| Regional Offices: | Branch Offices: | | Sub - Branch Offices: | | | | |
|---|---|---|---|---|---|---|---|
| Biratnagar: 503130 | Dhangadhi: 522381 | Lamjung: 520959 | Rajbiraj 520493 | Mahendranagar: 522221 | Dhading: 520779 | Dailekh: 410248 | Manthali |
| Birgunj: 529013 | Itahari: 587332 | Dharan: 532225 | Banepa: 663028 | Bhaktapur: 01-6217206 | Chandrauta: 540520 | Gwarko: 5186034 | |
| Bhairahawa: 523433 | Damak: 585404 | Janakpur: 522561 | Baglung: 522660 | Bardiya: 420117 | Tansen: 521671 | Rukum: 530411 | Dolpa |
| Nepalganj: 526163 | Salyan: 400199 | Narayangarh: 571039 | Tikapur: 561476 | Sarlahi: 501620 | Gongabu: 4358941 | Kawasoti: 540596 | |
| Lalitpur: 5520331 | Hetauda: 521030 | Dang: 562605 | Waling: 440734 | Lahan: 562393 | Kohalpur: 540972 | Parsa: 582536 | |
| Pokhara: 551648 | Butwal: 546141 | Kalanki: 5234543 | Chandannath: 520504 | Durbarmarg, Ktm: 4250641 | Dulegauda: 414272 | Sunwal: 570547 | |
| | Birtamode: 543825 | Baneshwor: 4494121 | Phidim: 9842781676 | Dadeldhura: 410257 | Chandranigahpur: 540065 | Tulsipur: 523475 | |
| | | | Surkhet: 525091 | Boudha: 4491541 | Battar: 540654 | Gorkha: 420057 | |
| | | | | | | Ekantakuna: 5523083 | |

**एनएलजी इन्स्योरेन्स कम्पनी लि. को**
**बिशेष साधारण सभा बस्ने सम्बन्धी सूचना**

मिति २०८० आषाढ २७ गते बसेको यस कम्पनीको संचालक समितिको ४०४औं बैठकको निर्णयानुसार कम्पनीको बिशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बिशेष साधारण सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०८० श्रावण १५ गते सोमबार (तदनुसार ३१ जुलाई २०२३)
समय : विहान १०:३० बजे
स्थान : आम्रपाली ब्याङ्केट, थिरबम सडक, बालुवाटार, काठमाण्डौं ।

**छलफलका विषयहरु :**

(क) **बिशेष प्रस्ताव :**

(१) कम्पनीको हालको जारी तथा चूक्ता पूँजी रु.१,४५,९२,७५,७९०/५० (एक अर्ब पैतालीस करोड बयानब्बे लाख पचहत्तर हजार सात सय नब्बे तथा पैसा पचास) बाट बृद्धि गरी रु. २,४२,२३,९७,८१२/२३ (दुइ अर्ब बयालीस करोड तेइस लाख सन्तानब्बे हजार आठ सय बाह्र तथा पैसा तेइस) पुऱ्याउने सम्बन्धमा ।

(२) कम्पनीको हाल कायम रहेको चूक्ता पूँजी रु. १,४५,९२,७५,७९०/५० (एक अर्ब पैतालीस करोड बयानब्बे लाख पचहत्तर हजार सात सय नब्बे तथा पैसा पचास) को १० शेयर बराबर ६.६ शेयर (६६ प्रतिशत) को अनुपातले हकप्रद शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(३) हकप्रद शेयर जारी पश्चात कम्पनीको जारी तथा चूक्ता पूंजी बृद्धि भई रु. २,४२,२३,९७,८१२/२३ (दुइ अर्ब बयालीस करोड तेइस लाख सन्तानब्बे हजार आठ सय बाह्र तथा पैसा तेइस) पुग्ने हुँदा सोही अनुसार जारी तथा चूक्ता पूँजी प्रबन्धपत्रको दफा ५ (ख) (ग) (घ) तथा नियमावलीमा नियम ५ (ख) (ग) (घ) मा संशोधन गर्ने प्रस्ताव स्विकृत गर्ने सम्बन्धमा ।

(४) प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायको निर्देशन अनुसार आवश्यक फेरबदल गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी दिने ।

(५) विविध ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

NLG INSURANCE Co. LTD. KATHMANDU

## बिशेष साधारण सभा सम्बन्धी अन्य जानकारी

१. बिशेष साधारण सभामा उपस्थिति प्रयोजनका लागि मिति २०८० साल श्रावण ८ गते १ दिनका लागी कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ। शेयरधनी दर्ता किताब बन्द भएको मिति २०८० साल श्रावण ८ गते भन्दा अघिल्लो कार्यरत दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोबार भई ७ कार्य दिन भित्र यस कम्पनीको केन्द्रिय कार्यालय, पानीपोखरी, काठमाण्डौंको कार्यालयमा प्राप्त भएको विवरणहरुको आधारमा कायम हुन आउने शेयरधनीहरुले मात्र बिशेष साधारण सभामा भाग लिन पाइने हुदाँ सम्बन्धित शेयरधनी तथा शेयर खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गरी सक्नु पर्नेछ।

२. यस कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधी मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्ने छन्। सभामा स्वयं उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुले कम्पनीको प्रतिनिधीपत्र (प्रोक्सी फारम) मा दस्तखत गरी प्रतिनिधी नियुक्त गर्न सक्नु हुनेछ। प्रतिनिधी नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधी पत्र (प्रोक्सी फारम) यस कम्पनीको केन्द्रिय कार्यालय, पानीपोखरी, काठमाण्डौंमा बुझाई सक्नु पर्नेछ।

३. प्रतिनिधी पत्र (प्रोक्सी) दिने शेयरधनीको दस्तखत शेयर किन्दाको अवस्थामा आफुले गरेको दस्तखतसंग मिल्नु पर्नेछ। अन्यथा प्रोक्सीले मान्यता पाउने छैन।

४. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधी पत्र (प्रोक्सी) स्वतः बदर हुनेछ। तर प्रतिनिधी पत्र (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधी पत्र (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी सोको सुचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस कम्पनीको केन्द्रिय कार्यालय, पानीपोखरी, काठमाण्डौंमा म्याद भित्रै छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधी (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधी (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छ। त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानिने छ।

५. प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा केही शेयर आफैसंग बाँकी राखी आफु समेत साधारण सभामा उपस्थित हुन पाउने गरी आंशिक शेयरको प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न पाइने छैन। प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले प्रतिनिधि (प्रोक्सी) दिए पछि आफै उपस्थित हुन वा प्रोक्सी वदर गर्न वा परिवर्तन गर्न चाहेमा सोको सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस कम्पनीको केन्द्रिय कार्यालय, पानीपोखरी, काठमाण्डौंमा दिनु पर्नेछ।

६. बिशेष साधारण सभामा भाग लिने शेयरधनीहरुको लागि हाजिरी किताब बिहान ९ बजे देखि खुल्ला रहनेछ।

७. सभा सम्बन्धी अन्य कुनै जानकारीको लागी कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, पानीपोखरी, काठमाण्डौंमा सम्पर्क राख्नु हुन अनुरोध छ।

NLG INSURANCE Co. LTD. KATHMANDU